# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम :** **भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | २ | १ | | | विधेयकको खण्ड (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छ:- | विधेयकको खण्ड (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छ:-<br>“(ग) “सार्वजनिक संस्था” भन्नाले देहायको संस्था वा निकाय सम्झनु पर्छ:-<br>(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय,<br>(२) प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्धारा स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, विशेष ऐनबाट स्थापित र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,<br>(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा समिति,<br>(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्धारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदानप्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,<br>(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानबाट सञ्चालित वा जमानतप्राप्त संस्था,<br>(६) उपखण्ड (२), (३), (४) वा (५) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,<br>(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुमतिले वा सम्झौता अनुसार प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन, उपयोग वा उपभोग गर्न वा विकास निर्माण सम्बन्धी काम गर्न गठित उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था,<br>(८) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्तर वा प्रकारका बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको अनुदान प्राप्त गरी राष्ट्रिय वा अन्तराष्ट्रिय संस्थाबाट सन्चालित परियोजनाको हकमा त्यस्तो सूचनामा तोकिएको काम कारबाहीको हदसम्म त्यस्तो संस्था, निकाय वा परियोजना,<br>(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य कुनै संस्था ।" | आयोगको कार्यक्षेत्र थप प्रष्ट पार्न र दातृ निकायबाट सहयोग प्राप्त गर्ने संस्थामा हुने भ्रष्टाचार पनि आयोगको दायरामा समेट्न |
| २ | २ | १ | | | "(घ) "राष्ट्रसेवक" भन्नाले सार्वजनिक पद धारण गरेको..........(१०) नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेको अन्य कुनै व्यक्ति।" | खण्ड (घ) "राष्ट्रसेवक" भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्ति मा उपखण्ड (७) र (८) थप्ने र दफाक्रम मिलाउने:<br>"....(७) सार्वजनिक संस्थाबाट कर्जा प्रवाह गर्ने प्रयोजनको लागि सम्पत्तिको मूल्याङ्कन गर्ने मूल्याङ्कन्कर्ता,<br>(८) सार्वजनिक संस्थाका कुनै भवन वा पूर्वाधार संरचनाको डिजाइन वा स्पेशिफिकेशन तयार गर्ने व्यक्ति,...." | राष्ट्रसेवकको परिभाषा थप प्रष्ट पार्न र भ्रष्टाचारको दायरामा समेट्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | २ | १ | | | उपदफा (१) मा नयाँ खण्ड (ट) थप्ने | विधेयकको दफा २को उपदफा (१) मा देहाएको खण्ड (ट) थपिने:-<br>(ट) "नीतिगत निर्णय" भन्नाले कुनै पनि राष्ट्रसेवक र सार्वजनिक संस्थाले गर्ने निर्णय सम्झनुपर्छ तर देहायेका निर्णय नीतिगत निर्णय मानिने छैनन् :-<br>(क) प्रचलित कानून बमोजिम हुनेमा बाहेक सर्वसाधारणलाई समान रुपमा लागू नहुने र सार्वजनिक रुपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णय,<br>(ख) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम हुनेमा बाहेक सार्वजनिक खरिद सम्बन्धमा गरिएको निर्णय,<br>(ग) प्रचलित कानून बमोजिम अन्य निकाय वा अधिकारीले निर्णय गर्नु पर्ने विषयमा अधिकारक्षेत्र नाघी गरिएको निर्णय ।" | नीतिगत निर्णयको परिभाषा थप्न |
| ४ | ३ | १ | | | "उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः " | (१) उपदफा (१) अन्तर्गत मूल ऐनको दफा ३ को उपदफा (१) को सट्टा प्रस्तावित उपदफा (१) कोः<br>(क)"मन्जुर गरेमा" भन्ने शब्दहरुपछि "कसुरको मात्रा अनुसार" भन्ने शब्दहरु थप्ने<br>(ख) खण्ड (घ) मा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टामा "पच्चीस लाख" भन्ने शब्दहरु राख्ने<br>(ग) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी खण्डक्रम मिलाउनेः<br>"(ङ) पच्चीस लाख रुपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म - चार वर्ष देखि ६ वर्ष सम्म कैद"<br>(घ) साविक खण्ड (ङ) खण्डक्रम मिलाउंदा कायम हुने खण्ड (च) मा रहेका "चार बर्षदेखि " भन्ने शब्दहरुको सट्टा "छ बर्षदेखि" भन्ने शब्दहरु राख्ने ।<br>(ङ) साविक खण्ड(च) खण्डक्रम मिलाउंदा कायम हुने खण्ड (छ) मा रहेका "एक करोड रुपैयाँ भन्दा बढी जतिसुकै रकमसम्म" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँ भन्दा दश करोड रुपैयाँसम्म" भन्ने शब्दहरु राखी यस खण्डपछि देहाएको खण्ड (ज) थप्नेः-<br>"(ज) दस करोड रुपैयाँभन्दा बढी जतिसुकै रकमसम्म - दश वर्ष देखि चौध वर्ष सम्म कैद"<br><br>(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>"(४) उपदफा (३) मा रहेको रिसवत दिएमा" भन्ने शब्दहरुको सट्टा "प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रिसवत दिएमा वा दिन प्रस्ताव वा मन्जुर गरेमा भन्ने शब्दहरु राखिएका छन्।" | राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा सुझाव अनुसार |
| ५ | ५ | | | | मूल ऐनको दफा ८ को उपदफा (१) र खण्ड (घछ) मा केहि शब्दहरु थपिएको छ | मूल ऐनको दफा ८ को उपदफा १ मा "देहाएको कुनै काम गरेमा" शब्दहरु पछि "त्यसलाई नीतिगत निर्णय मानिने छैन र" भन्ने शब्दहरु थप्ने ।<br><br>सोही दफा को उपदफा २ को खण्ड घ पछि प्रस्तावित खण्ड(घछ) मा "कार्य गर्ने गराउने" शब्दहरु पछि "र यस्तो कार्यलाई पनि नीतिगत निर्णय मानिने छैन" भने शब्दहरु थप्ने । | नीतिगत निर्णयको परिभाषा थप्न |
| ६ | ७ | | | | "....१५क पदिय हैसियतको दुरुपयोग गर्नेलाई सजायः (१) कुनै राष्ट्रसेवकले निज बहाल रहेको पदको....." | मूल ऐनको दफा १५ पछि प्रस्तावित दफा (१५क) को उपदफा (१) कोः<br>(क) "गर्नु पर्ने कामको दुरुपयोग गरेमा" भन्ने शब्दहरुपछि "कसुरको मात्रा अनुसार" भन्ने शब्दहरु थप्ने र "निर्णय गरेमा"भन्ने शब्दहरु पछि "यस्तो निर्णय नीतिगत पनि मानिने छैन" थप्ने<br>(ख) "पचासहजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राख्ने<br><br>मूल ऐनको दफा १५ पछि प्रस्तावित दफा (१५क) को उपदफा (२) मा खण्ड "घ" थप्नेः<br>"(घ) आफ्नो मातहत रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दबाब दिई वा प्रलोभनमा पारी कुनै काम गराएमा।" | राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा सुझाव अनुसार |
| ७ | ८ | | | | " .... मूल ऐनको दफा १७को सट्टा देहायको दफा १७ राखिएको छः "१७ सम्पत्तिको हिनामिना ....." | प्रस्तावित दफा १७ को "जिम्मामा रहेको" भन्ने शब्दहरुको सट्टामा "ओहोदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा" भन्ने शब्दहरु राख्ने | जिम्मामा भन्ने शब्दलाई अझ सपष्ट पार्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ९ | | | | "मूल ऐनमा दफा १७क थप: ..... "१७क निर्णय नगरी हामी नोक्सानी पुर्याउनेलाई सजायः (१) कुनै राष्ट्रसेवकले ......." | १) मूल ऐनको दफा १७ पछि प्रस्तावित दफा (१७क) को उपदफा (१) कोः "वा हानी नोक्सानी भएको रकम बराबर जरिवाना वा दुवै सजाय हुने सक्नेछ।" को सट्टा "वा हानी नोक्सानीको बिगो खुलेकोकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।" राख्ने ।<br><br>२) प्रस्तावित दफा (१७क) को उपदफा (२) कोः "अधिकारीलाई गराउनु पर्नेछ" भन्ने शब्दहरुपछि "र सोको कारण मानसिब देखिएमा सम्बन्धित राष्ट्रसेवक उपर यस दफा बमोजिम कुनै कारवाही तथा सजाय हुने छैन।" थपिनेछ ।<br><br>३) प्रस्तावित दफा (१७क) को उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः<br>"(४) कुनै राष्ट्रसेवकले उपदफा (१) बमोजिम निर्णय नगरेको कारणले कुनै व्यक्तिलाई हानि नोक्सानी पुग्न गएको अवस्थामा प्रचलित कानून बमोजिम कारबाही गर्न वा सो सम्बन्धमा क्षतिपूर्ति माग गर्न यो दफाको व्यवस्थाले कुनै बाधा परेको मानिने छैन।" | हानी नोक्सानीको बिगो नखुलेको अवस्थालाई समेट्न |
| ९ | ११ | | | | ".....मूल ऐनको दफा २३ पछि देहायको दफा २३क थपिएको छः "२३क कानूनी व्यक्तिलाई सजायः (१) कुनै कानूनी व्यक्तिले यस ऐन अन्तर्गतको कसुर......"" | मूल ऐनको दफा २३ पछि प्रस्तावित दफा (२३क) को उपदफा (१) मा देहाय बमोजिम खण्ड (क) थप्ने र खण्डक्रम मिलाउनेः "(क) संस्थाको इजाजतपत्र खारेज गर्ने वा त्यस्तो संस्था विघटन गर्ने," | अझै कडा सजाय थप गर्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | १५ | | | | "<u>मूल ऐनको दफा ३८मा संशोधनः</u> मूल ऐनको दफा ३८को सट्टा देहायको दफा ३८ राखिएको छः<br>"३८. <u>राष्ट्रिय सतर्कता केन्द्रको काम कर्तव्य र अधिकारः</u><br>(१) दहा ३७ को ......." | मूल ऐनको दफा ३८को सट्टा प्रस्तावित दफा ३८ राखिएको छः<br>"३८ राष्ट्रिय सतर्कता केन्द्रको काम कर्तव्य र अधिकारः<br>(१) दफा ३७ को उपदफा (१) बमोजिम स्थापित राष्ट्रिय  सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br>(क) सार्वजनिक संस्थाबाट सम्पादन हुनु पर्ने कार्यहरू नियमित रूपमा भए नभएको विषयमा सूचना सङ्कलन गर्ने,<br>(ख) सार्वजनिक संस्थाबाट नियमित रूपमा हुनु पर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने,<br>(ग) सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानुनबमोजिम दिइएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,<br>(घ) भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने आवश्यक व्यवस्था मिलाउने,<br>(ङ) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नु पर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,<br>(च) नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने,<br>(छ) भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने,<br>(ज) भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने,<br>(झ) भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,<br>(ञ) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने वा गराउने,<br>(ट) सार्वजनिक संस्थामा भ्रष्टाचार सम्बन्धी कसूर भएको सूचना वा उजुरी प्राप्त गरेमा प्रारम्भिक अनुसन्धान गर्ने र त्यस्तो अनुसन्धानबाट भ्रष्ट्राचारको विगो रू १० लाख भन्दा कम देखिन आएमा र सम्बन्धित अधिकारी शाखा अधिकृत वा सो स्तर सरहको वा तल्लो दर्जाको राष्ट्रसेवक भएमा सम्बन्धित अधिकारीलाई कानुन बमोजिम कारबाही चलाउने र त्यस्तो प्रारम्भिक अनुसन्धानबाट भ्रष्टाचारको विगो रू १० लाख भन्दा बढी देखिन आएमा वा शाखा अधिकृतको स्तरभन्दा माथिल्लो दर्जाको राष्ट्रसेवकलाई कानुन बमोजिम कारबाही चलाउन अख्तियार दूरुपयोग अनुसन्धान आयोगलाई लेखि पठाउनु पर्ने,<br>(ठ) नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने ।<br><br>(२) उपदफा (१)को खण्ड (क) बमोजिम सूचना सङ्कलन गर्ने प्रयोजनको लागि राष्ट्रिय सतर्कता केन्द्रले सम्बन्धित निकायबाट आवश्यक विवरण वा कागजात माग गर्न सक्नेछ।<br><br>(३) उपदफा (१) को खण्ड (छ) बमोजिम दिएको निर्देशन वा सुझाव बमोजिम नगर्ने वा उपदफा (२) बमोजिमको विवरण वा कागजात पेश नगर्ने सार्वजनिक संस्थाको सम्बन्धित अधिकारीलाई कानून बमोजिम कारबाही गर्न राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार अनुसन्धान आयोगलाई लेखी पठाउन सक्नेछ।<br><br>(४) उपदफा (३) बमोजिम लेखी आएमा अदुअ आ को सम्बन्धित अख्तियारवालाले त्यस्तो अधिकारीलाई आवश्यक कारबाही गरी राष्ट्रिय सतर्कता केन्द्रलाई सोको जानकारी गराउनु पर्नेछ।" | राष्ट्रिय सतर्कता केन्द्रको काम कर्तव्य र अधिकारः स्पष्ट बनाई केन्द्रले थोरै बिगो भएका मुद्दा दायर गर्नसक्ने गरि सुदृदिकरण गर्न र आयोगको कार्यभार घटाई चलिरहेका मुद्दाको छिटोछरितो अनुसन्धानका लागि |
| ११ | १६ | | | | "......मूल ऐनको दफा ४५को सट्टा प्रस्तावित दफा ४५ राखिएको छः<br>"मुद्दा चलाउने अवधिः भ्रष्टाचारजन्य कसूरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्ष भित्र मुद्दा चलाउनु पर्नेछ।......" | मूल ऐनको दफा ४५को सट्टा प्रस्तावित दफा ४५ राखिएको छः<br>"मुद्दा चलाउने अवधिः भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउने हदम्याद हुने छैन।" | पाँच बर्षको हदम्यादले भ्रष्टाचार निवारणमा बाधा पुर्याउन सक्ने र हदम्याद राख्न कुनै मनासिब कारण नभएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | १८ | | | | "…. मूल ऐनको दफा ५०को :-<br>१ उपदफा (१) मा रहेका "सार्वजनिक पद धारण गरेका व्यक्तिले त्यस्तो पद धारण गरेको" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक पदमा बहाल राष्ट्रसेवकले त्यस्तो पदमा बाहल भएको भन्ने शब्दहरु राखिएका छन् ।<br>२ ….. " | विधेयकको दफा १८ को:<br>(१) उपदफा (१) र (२) को सट्टा देहाय को उपदफा (१) र (२) राख्ने:<br>"(१) उपदफा (१) मा रहेका "सार्वजनिक पद धारण गरेको व्यक्तिले" भन्ने शब्दहरुको सट्टा "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले" भन्ने शब्दहरु र "आफ्नो वा आफ्नो परिवारको" भन्ने शब्दहरुको सट्टा "आफ्नो नाममा र आफ्नो परिवारको" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "सार्वजनिक पद धारण गरेको" भन्ने शब्दहरु झिकिएका छन्।"<br><br>(२) उपदफा (३) मा रेहका "उपदफा (२क) र (२ख)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२क), (२ख) र (२ग)" भन्ने शब्दहरु राखि सो उपदफा अन्तर्गत मूल ऐनको दफा ५० मा थप्ने प्रस्तावितमध्ये उपदफा (२ख) पछि देहायको उपदफा (२ग) थप्ने:<br>"(२ग) उपदफा (१) मा जुन्सुकै कुरा लेखिएको भएअ तापनि अनुसन्धान अधिकारीले भ्रष्टाचार सम्बन्धी अनुसन्धानको सिलसिलामा अन्य राष्ट्रसेवकलाई म्याद तोकी निज र निजको परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितेको अद्यावधिक विवरण पेश गर्न आदेश दिन सक्नेछ। "<br><br>(३) उपदफा (४) अन्तर्गत मूल ऐनको दफा ५० को उपदफा (३) को सट्टा प्रस्तावित उपदफा (३) मा रहेको "उपदफा (१), (२), (२क) वा (२ख)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१), (२), (२क), (२ख) वा (२ग)" भन्ने शब्दहरु राख्ने र सोही उपदफामा रहेका "रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "रुपैयाँ" भन्ने शब्दहरु राख्ने।" | सम्पत्ति विवरण बुझाउनु पर्ने र नपर्ने राष्ट्रसेवकहरु सपष्ट पार्न, राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा सुझाव अनुसार |
| १३ | १९ | | | | "मूल ऐनको दफा ५१ मा संशोधन: मूल ऐनको दफा ५१ को सट्टा देहाएको दफा ५१ राखिएको छ:- ५१ बाधा अवरोध गर्नेलाई सजाय: …" | विधेयकको दफा  १९ अन्तर्गत मूल ऐनको दफा ५१ को प्रस्तावित दफा ५१को:-<br>(१) उपदफा (१) मा रहेका "छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै" को सट्टा "अनुसन्धान अधिकारीको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले छ महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्नेछ" भन्ने शब्दहरु राख्ने ।<br>(२) उपदफा (२)को  खण्ड (ग) मा रहेका "धम्की दिने" भन्ने शब्दहरुपछि "आवागमनमा बाधा अवरोध गर्ने" भन्ने शब्दहरु थप्ने ।<br>(३) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश झिक्ने । | बाधा अवरोध गर्नेलाई धेरै सजाय हुनुपर्ने भएकाले र आवागमन बाधा पुर्याउनु पनि सजायको कार्यसम्पादनमा बाधा पुर्याउनु भएकाले |
| १४ | २१ | | | | "मूल ऐनमा दफा ५६क थप: मूल ऐनको दफा ५६ पछि देहाएको दफा ५६क थपिएको छ:- ५६क भ्रष्टाचारजन्य कार्यको परिणाम: (१) भ्रष्टाचारजन्य काम कारबाहीको…." | विधेयकको दफा २१ अनतर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा ५६क को उपदफा (१) मा रहेका " रद्द गर्न वा त्यस सम्बन्धमा अन्य आवश्यक कानूनी कारबाही गर्न सकिनेछ" भन्ने शब्दहरुको सट्टा "रद्द गरिनेछ र त्यस सम्बन्धमा अन्य आवश्यक कानूनी कारबाही समेत गरिनेछ" भन्ने शब्दहरु राख्ने । | भ्रष्टाचारजन्य कार्यको परिणाम अझ कडा बनाउन |
| १५ | २२ | | | | मूल ऐनमा दफा ६०(क) थप:  मूल ऐनको दफा ६० पछि देहायको दफा ६०क थपिएको छ"६० क. विदेशमा रहेको सम्पति फिर्ता सम्बन्धी कारबाही:……." | विधेयकको दफा २२ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा ६० क. मा रहेका "नेपाल सरकार मार्फत आवश्यक व्यवस्था गर्न सकिनेछ" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ" भन्ने शब्दहरु राख्ने । | नेपाल सरकार मार्फत भन्दा स्पष्ट नहुने भएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | २३ | | | | मूल ऐनमा दफा ६२क., ६२ख., ६२ग. र ६२घ. थप :"........६२(घ)अनुसन्धान अधिकारीले सुराकी वा अनुसन्धान सूत्र प्रयोग गर्न सक्ने: (२) उपदफा (१) बमोजिम परिचालन गरिएको सुराकी वा अनुसन्धान सूत्रबाट वा अन्य कुनै माध्यमबाट राष्ट्रसेवकले रिस्वत माग गरेको सूचना वा जानकारी प्राप्त भएमा अनुसन्धान अधिकारीले मातहतका कर्मचारी वा उजूरवाला वा अन्य कुनै व्यक्ति मार्फत त्यस्तो राष्ट्रसेवकलाई अनुसन्धानको क्रममा दशी एवम् प्रमाणस्वरुप रिस्वत बापत माग बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ ।" | विधेयकको दफा २३ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा (६२घ) को दफाशिर्षकको सट्टा देहाएको दफाशिर्षक राख्ने "अनुसन्धान सम्बन्धी विशेष व्यवस्था" र सोही दफाको उपदफा (२) मा "त्यस्तो राष्ट्रसेवकलाई अनुसन्धानको क्रममा" भन्ने शब्दहरु पछि "अदालतबाट स्वीकृति प्राप्त गरि" भन्ने शब्दहरु थप्ने । | अनुसन्धान सम्बन्धी अन्य व्यवस्था पनि पछि थपिन सकिने भएकाले |
| १७ | २५ | | | | मूल ऐनको दफा २४को सट्टा देहाए बमोजिमको दफा | दफा २४ को सट्टा देहाए बमोजिमको दफा २४ राखिने<br>"२४ थप सजाय: राष्ट्रपतिबाट नियुक्त हुने पदाधिकारी, निर्वाचित पधादिकारी, सदनबाट अनुमोदित पधादिकारी र संवैधानिक अङ्ग वा निकायका पधादिकारीले यस परिच्छेद अन्तर्गतका कसूर गरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायको दुई गुना सजाय हुनेछ र नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमखु महाप्रबन्धक वा सो सरहका पधादिकारी यस परिच्छेद अन्तर्गतका कसूर गरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायको थप तीन बर्षसम्म कैद सजाय हुनेछ ।" | निर्वाचित पदाधिकारीहरुको भ्रष्टाचारलाई न्यूनीकरण गर्नका लागि |

(१) नाम, थर: सुमना श्रेष्ठ    दस्तखत:    क्र. स.:    मिति २०७९ - ११ - १५

डोल प्रसाद अर्याल
अशोक चौधरी
शिव नेपाली
हरी ढकाल
अशिम शाह
मनिश झा
लक्ष्मी तिवारी
शिशिर खनाल
सन्तोष परियार
निशा डाँगी